# मालारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खनदह, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नम्बर २३५०

मितिः २०७८/०१/१२

**विषयः प्रतक्ष्य शिक्षण सिकाइ र वार्षिक परीक्षा सञ्चालन नगर्ने सम्बन्धमा ।**

श्री सम्पूर्ण विद्यालयहरु,
मालारानी गाउँपालिका, अर्घाखाँची ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०७८/०१/१२ गतेको बैठकको निर्णय अनुसार यस गाउँपालिका क्षेत्रभित्र नयाँ भेरियण्ट सहितको कोभिढ-१९ को बढ्दो पुनः संक्रमणको जोखिमको कारण मिति २०७८/०१/१३ गतेदेखि अर्को निर्णय नहुञ्जेलसम्मको लागि सम्पूर्ण शिक्षक र कर्मचारी नियमित उपस्थित भई हुनुपर्ने विद्यालयको प्रशासनिक कामकाजबाहेक प्रत्यक्ष शिक्षण सिकाइ क्रियाकलाप र गाउँपालिकास्तरका तथा विद्यालयस्तरका सम्पूर्ण वार्षिक परीक्षा कार्यक्रम बन्द गरिएको व्यहोरा अनुरोध छ ।

साथै उल्लेखित बैठकको निर्णय अनुसार विद्यालयहरुले यस अगावै सञ्चालन गरेको पछिल्लो परीक्षाको मूल्यांकनलाई आधार बनाई तोकिएबमोजिमको पूर्णाङ्कमा नतिजालाई समायोजन गरी शैक्षिक सत्र सुरु हुनु अगावै वार्षिक नतिजा प्रकाशन गर्ने र गाउँपालिकास्तरको कक्षा ८ को आधारभूत शिक्षा परीक्षालाई मिति २०७८/०१/१९ गतेदेखि सञ्चालन गर्ने भनिएकोमा सो नगर्ने निर्णय भएकोमा विद्यालयको आन्तरिक मूल्यांकनलाई तोकिएको पूर्णाङ्कमा विद्यालयले समायोजन गरी यस गाउँ कार्यपालिकाको कार्यालयमा मिति २०७८ वैशाख मसान्तसम्ममा पठाइसकेपश्चात सोको आधारमा गाउँपालिकाले नतिजा प्रमाणीकरण गर्ने भएकोले सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

रमेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, अर्घाखाँची ।